# प्रदेश सभा

# गण्डकी प्रदेश

## दशौं अधिवेशन

## (दोस्रो बैठक)

## कार्यबाहीको सम्पूर्ण विवरण

## मिति :- २०७९।०२।१२ गते

**माननीय सभामुख :-**

माननीय सदस्यहरु, आजको वैठकको कारवाही प्रारम्भ हुन्छ ।माननीय सदस्यहरु, सर्वप्रथम म माननीय अर्थमन्त्री श्री रामजी प्रसाद वराल जीवनलाई आ.व. २०७९/०८० को बजेट तयारीका लागि विनियोजन विधेयक २०७९ का सिद्धान्त र प्राथमिकता प्रदेश सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

**माननीय अर्थमन्त्री श्री रामजी प्रसाद वराल :-**

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले गण्डकी प्रदेश, प्रदेश सभा नियमावलीको नियम १३३ को उपनियम २ बमोजिम गण्डकी प्रदेश सरकारको आ.व. २०७९/८० को बजेट तयारीका लागि विनियोजन विधेयक २०७९ का सिद्धान्त र प्राथमिकता कर प्रस्ताव बाहेक सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।माननीय सभामुख महोदय, गण्डकी प्रदेशको यस सम्मानित सभा समक्ष संघीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, सामाजिक न्याय र समावेसिता सहितको समृद्ध प्रदेश निर्माणको दिशामा अगडि बढिरहेको गण्डकी प्रदेश सरकाको अर्थमन्त्रीको हैसियतले आगामी आ.व. २०७९/८० को विनियोजन विधेयकमा समावेश हुने बजेटका सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न उपस्थित भएको छु ।यस अवसरमा सर्वप्रथम महान जनयुद्ध र जनआन्दोलन एवम् अन्य आन्दोलनको प्रकृयामा जीवन उत्सर्ग गर्नु हुने आदरणीय सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । वेपत्ता योद्धाहरु प्रति विशेष सम्मानसहित, घाइते अपाङ्गको स्वास्थ्य लाभको कामना गर्दछु । सिंगो मानव जगतलाई नै भयभित बनाएको कोरोना महामारीबाट जीवन गुमाउनु भएका नागरिक प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । कोरोनाको सामना गरिरहनुभएका

संक्रमितहरुको शिघ्र स्वास्थय लाभको कनमना गर्दै उपचारमा खटिनुभएका स्वास्थ्यकर्मी एवं अन्य राष्ट्र सेवक प्रति सम्मान व्यक्त गर्दछु । कोरोना माहामारी राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिवेशबाट सृजना भएका विभिन्न समस्याको सामना गर्दै आफ्नो स्थापनाको ५ औं वर्ष सम्म आइपुग्दाखेरी गण्डकी प्रदेश सरकारले सीमित स्रोत सधनको अधिकतम परिचालन गर्दै आफ्नो कार्यसम्पादन गरिरहेको छ । यी परिस्थितिबाट बाहिर निस्कदै प्रदेशभित्र अब विस्तारै आर्थिक क्रियाकलाप चलायमान भइरहेका छन् । विनियोजन विधेयक २०७९ का सिद्धान्त र प्राथमिकता तय गर्दा मैले नेपालको संविधानमा समाविष्ट मौलिक हक, पन्ध्रौं पञ्चवर्षिय योजना, गण्डकी प्रदेशको प्रथम पञ्चवर्षिय योजनाका लक्ष्य तथा उद्देश्य, दीगो विकासका लक्ष्य र राजनीतिक दलका चुनावी घोषणपत्र लगायतका माध्यमबाट जनता समक्ष गरेको प्रतिवद्धतालाई प्रमुख मार्ग दर्शकको रुपमा लिएको छु । स्थानीय तहको निर्वाचन भर्खरै सम्पन्न भई सबै स्थानीय तहमा सरकार गठन भइसकेका छन् । सबै तहका सरकारसँगको अन्तरसम्बन्ध र समन्वय प्रभावकारी बनाउँदै क्षेत्रगत सुधारका कार्यक्रम मार्फत प्रदेशभित्र उत्पादकत्व, अभिवृद्धि र रोजगारीको प्रवद्धन प्रति प्रदेश सरकारको तर्फबाट प्रतिवद्धता व्यक्त गर्दै म आगामी बर्षको बजेट तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्न चाहन्छु ।माननीय समामुख महोदय, सर्वप्रथम म विनियोजन विधेयकका सिद्धान्तका प्रस्तुत गर्ने अनुमति चाहन्छु । प्रभावकारी अन्तर सरकारी समन्वय र परस्परिक सहयोग मार्फत प्रदेश सरकारको भूमिकालाई थप क्रियाशील बनाई नागरिकको सुशासन, शान्ति र समृद्धीको चाहना पूरा गर्ने गरी संघीयताको कार्यान्वयन र सुदृढीकरण गर्दै लगिने छ । नेपालको संविधान राज्यका निर्देशक, सिद्धान्त र नीति, दिगो विकासका लक्ष्य, पन्ध्रौं पञ्च वर्षिय योजना, गण्डकी प्रदेशको प्रथम पञ्च वर्षिय योजनाले निदृष्ट गरेका लक्ष्य हासिल गर्दै समावेसी, समानुपातिक र सन्तुलित विकासको अवधारणा मार्फत देशको सिंगो विकासको आधार तयार पारिने छ । प्रदेशको समृद्धि र विकासका लागि थप अवसर तुलनात्मक लाभका क्षेत्रको पहिचान र विकास गरिने छ । प्रदेश सरकारको लगानीलाई उच्च प्रतिफल हसिल हुने क्षेत्रमा आवद्ध गरी आर्थिक क्रियाकलापको परिचालन मार्फत अर्थतन्त्रलाई गतिशिल बनाइने छ । उत्पादकत्व वृद्धि, उद्यमशीलता प्रवर्धन, रोजगारी सृजना हुने गरी विकास अयोजनामा स्रोत परिचालन गरिने उपयुक्त लगानीको वातावरण बनाई वाह्य लगानी समेत परिचालन गरी सार्वजनिक, नीजि र शहकारी क्षेत्रको साझेदारीमा प्रदेशको दीगो तथा फराकिलो आर्थिक बृद्धि हासिल गर्दै समृद्ध प्रदेशको परिकल्पना साकार तुल्याइने छ । उत्पादनमा आधारित अनुदान तथा सहुलियत प्रणाली, सीप विकास र आधुनिक प्रविधिको प्रयोग र उत्पादनको बजारीकरणको सुनिश्चितता मार्फत व्यवसायिक कृषि उत्पादनमा जोड दिइनेछ । व्यवसायिक सीप विकास र सहकारी क्षेत्रलाई परिचालन गरी उद्यमशीलताको प्रवर्धन गर्दै उत्पादनमा आत्मनिर्भरता र रोजगारी अभिवृद्धि गरिनेछ । विश्वविद्यालय एवं प्रशिक्षण संस्थाको सुदृढीकरण मार्फत सीप र

प्रविधिको प्रयोग गर्न सक्ने क्षमतासहितको सीपयुक्त जनशक्ति देशभित्रै उत्पादन, विकास र परिचालन उपयोग गर्नेगरी मानव संसाधनको विकास गरिने, आर्जित सीप र क्षमताको प्रयोग हुने वातावरणको विकास  गरी क्षमतावान जनशक्ति प्रदेशमा नै खपत हुने अवसरको विकास गरिनेछ । उपलव्ध सोत र साधनको अधिकतम परिचालन गरी सार्वजनिक सेवा प्रवाहलाई विश्वसनीय, गुणस्तरीय र भरपर्दो बनाइने । आर्थिक मितव्ययिता, पारदर्शी तथा वित्तीय उत्तरदायित्व कायम गरी प्रदेश सरकारका कृयाकलापलाई सार्वजनिक सेवाप्रति जवाफदेही बनाई सुशासनको प्रवर्धन गरिने छ । कोरोना महामारी, बाढीपहिरो लगायतका विपद्का कारण क्षतिग्रस्त क्षेत्रको पुनस्थापना र पुननिर्माण गर्दै सम्भावित महामाहरी र विपद्जन्य घटनाको न्यूनीकरण गर्न विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गरिनेछ । सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास र विद्युतीय प्रणालीमा आधारित सेवा मार्फत प्रदेश सरकारबाट प्रवाह गरिने सेवालाई सहज र सरल बनाउने तरिका लागु गरिने छ । समावेशिता र सामाजिक न्याय कायम हुनेगरी सहिद, वेपत्ता परिवार एवं घाइते योद्धा आर्थिक रुपले विपन्न महिला, दलित अपांगता भएका व्यक्ति, अल्पसंख्यक समुदाय, लोपोन्मुख वर्ग लगायतका सवै बर्ग क्षेत्रको समतापूर्ण रुपबाट उपभोग गर्न सक्ने अवस्था सहितको सेवा प्रवाहमा पहुँच सुनिश्चित गरिने छ । माननीय सभामुख महोदय, अब म विनियोजन विधेयकका प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।आर्थिक क्षेत्र परिचालन प्रदेशको विकासको लागि नीजि क्षेत्र, सहकारी क्षेत्रसँगको साझेदारीलाई सहज बनाउन, नीतिगत सुधार गरिने प्रदेशको आय र जीवनस्तरमा सुधार ल्याउन, प्रदेशभित्र औद्योगिक लगानीको प्रवर्धन गर्न, प्रदेश गौरवको आयोजना तथा रणनीतिक महत्वका आयोजनामा वैदेशिक लगानी परिचालन गर्न आवश्यक कानुनी व्यवस्था सहित लगानीको वातावरण विकास गरिने । प्रथम पञ्चवर्षिय योजनाको मध्यावधि मूल्यांकन गरी तोकिएका लक्ष्य समयमा नै हासिल गर्न तथा पञ्चवर्षिय योजनाका लक्ष्यलाई दीगो विकासको लक्ष्यसँग आवद्ध गर्ने गरी आयोजना बैंकलाई आधार मानी प्रदेश सरकारको लगानी परिचालन हुने । सार्वजनिक सहकारी र नीजि क्षेत्रबाट उपलव्ध स्रोत र साधनको उत्पादनशील क्षेत्रमा परिचालन गरी दिगो एवं उत्थानशील अर्थतन्त्रको निर्माण गरिने । प्रदेशमा नीजि तथा सहकारी क्षेत्रको लगानी वृद्धि गर्न गैर आवासीय नेपाली नागरिकको लगानी प्रवर्धन गर्ने वातावरण विकास गरिने । प्रदेश गौरवको आयोजना तथा प्रदेशका रणनीतिक महत्वका आयोजनालाई समयमा नै सम्पन्न गर्न स्रोतको व्यवस्थापन गरिने । वित्तीय हस्तान्तरण भएर स्थानीय तहामा विनियोजन भएको बजेटको कार्यान्वयन अवस्थाको र प्रगतिको विवरण तत्काल प्राप्त गर्न सक्ने प्रणालीको विकास गरिने। बजेटको अख्तियारी खर्च निकाशा, बेरुजु व्यवस्थापन र न्यूनीकरण तथा सार्वजनिक सम्पत्तिको अभिलेख व्यवस्थापनको लागि पूर्ण रुपमा डिजिटल प्रणाली अवलम्वन गरी वित्तीय सुशासन र पारदर्शी कायम गरिने । बैंक तथा वित्तीय संस्थाबाट हुने लगानीको सुरक्षण नीति अवलम्वन गरिने, समग्र वित्तीय कारोवारमा क्यासलेस

बैंकिङ्गलाई प्रवर्धन गरिने । बैंक तथा वित्तीय संस्थाका पहुँच नपुगेको नागरिकलाई सहकारी एवं लघुवित्त संस्थाको विकास र विस्तार गरी वित्तीय समावेसिता सुनिश्चित गरिने ।हाल जग्गाको न्यूनतम मूल्यमा भइरहेको कारोवारलाई यथार्थ मूल्यमा कारोवार हुने गरी वैज्ञानिक करको दायरा निर्धारण गरिने, घरजग्गा कारोवार अधिक हुने क्षेत्रमा स्थानीय तहसँगको साझेदारी एवम् सह लगानीमा कच्ची सडकलाई कालोपत्रे गरिने, यसका माध्यमबाट प्रदेशको आन्तरिक आय वृद्धि गरिने ।उत्पादन र उत्पादकत्व अभिवृद्धि स्थानीय स्तरमा सहकारी संस्थालाई समेत परिचालन गरी समुदायमा आधारित बीउ उत्पादनको लागि शित बैंक स्थापना कार्य अगाडि बढाइने । कृषिजन्य उत्पादनको लागि आवश्यक बीउ विक्रीको आधारमा उत्पादकले रोयल्टी पाउने व्यवस्था लागु गरिने । विभिन्न बाली उत्पादनको सम्भावनाको आधारमा पकेट एरिया निर्धारण गरिने । स्थानीय तहसँगका साझेदारीमा कृषि प्राविधिकको परिचालन गरिने । मुख्य बालीको उत्पादन बढाउन उत्पादनको आधारमा सहुलित ऋण दिने प्रणाली लागु गरिने । असिनाबाट हुने क्षति, बाँदरबाट हुने क्षति, न्यूनीकरणका उपायसहित विकल्पका रुपमा सिमल तरुल लगायतका खेती प्रणाली विकासको लागि सम्भाव्यता अध्ययन गरिने । मुख्य मुख्य फलफूल बालीको बेर्ना उत्पादन, मुख्य तरकारी र खाद्यान्न बालीको स्रोत, बीउ उत्पादन तथा मौरी, च्याउ र रेशमकिराको बीउ उत्पादन कार्यलाई प्रभावकारी बनाउन स्थापित स्रोत केन्द्रको सुदृढीकरण गरिने । कृषि तथा पशुपंक्षी उपजको व्यवसायीक उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न, साना व्यवसायिक फर्म स्थापना तथा विस्तार कार्यलाई निरन्तरता दिइने । घरपालुवा चौपायामा लाग्ने माहामारीजन्य रोगविरुद्ध खोप लगाउने कार्यलाई निरन्तरता दिँदै सबै स्थानीय तहमा अभियानको रुपमा पशु पूर्ण खोप कार्यक्रम संचालन गरिने । जलवायुजन्य जोखिम र संकटासन्नताको विश्लेषणको आधारमा मुख्यमन्त्री जलवायु मैत्री नमुना कृषि गाउँ कार्यक्रमलाई पुनरावलोकन गरी थप प्रभावकारी बनाइने । चक्लावन्दी गर्न मिल्ने बाँझो जमिनलाई कृषि उत्पादनमा मात्र प्रयोग हुने गरी आवधिक लिजमा प्रयोग गर्न सकिने नीति ल्याइने । बाँझो जमिनको कृषि उपयोगलाई प्रवर्धन गर्न सीमासहितको सहुलियतपूर्ण कर्जा उपलव्ध हुने व्यवस्था मिलाइने । भूमि बैंकको स्थापना गरी कृषि उत्पादनमा जमिनको सहज उपलव्धताको सुनिश्चित गरिने । कृषि उत्पादन मूल्य सुनिश्चित गरी वितरण प्रणालीलाई सहज बनाइने । १ निर्वाचन क्षेत्र १ कृषि सडकको अवधारणा कार्यान्यनमा ल्याई कृषि उत्पादनको ढुवानी व्यवस्था प्रभावकारी बनाइने । कृषि उपज संकलन केन्द्रलाई व्यवस्थित गरिने । ग्रामीण एवं दुर्गम क्षेत्रका उत्पादक कृषकलाई टप—अफ—ग्रेड उपलव्ध गराइने । शोषण र रैथाने उत्पादनको सामञ्जस्यता मिलाई विद्यालयमा खुवाइने दिवा खाजा कार्यक्रममा स्थानीय उत्पादन नै खुवाउनु पर्ने व्यवस्था अनिवार्य गरी स्थानीय उत्पादनको व्यवसायीकरण गरिने । सहकारीको बुझाई एवं अवधारणामा ऐक्यवद्धाता कायम गर्दै प्रादेशिक सहकारी नीति मार्फत उत्पादनमा आधारित सहकारी अनुदान र

उत्पादकत्वमा आधारित व्याज अनुदान प्रणाली लागु गरिने। सहकारीको वर्गीकरण गरिने र कर्जा प्रवाहका आधारमा थप व्यवस्थित बनाइने । सामुदायिक नीजि मोडेलमा प्रदेश अन्तर्गत उच्च पहाडी तथा हिमाली क्षेत्रमा भेंडा च्यांग्राको वृडिङ्ग केन्द्र स्थापना गरी व्यवसायिक उत्पादन सुरु गरिने ।पर्यटन प्रर्वधन औद्योगिक विकास र रोजगारी पर्यटन क्षेत्रमा कार्यरत कोरोना महामारीका कारण विस्थापित हुने अवस्थामा पुगेका व्यवसायीलाई सहुलियत हुनेगरी लगानीको संरक्षण गर्ने, नीतिगित व्यवस्था गरिने, पर्यटन मजदुरलाई पेशामा टिकाइराख्न र प्रवाहित सेवालाई भरपर्दो र गुरस्तर बनाउन विशेष सहुलियत तथा सुविधाका कार्यक्रम संचालन गरिने । पर्यटकीय क्षेत्रमा कार्यरत जनशक्तिको सीप दक्षता अभिवृद्धि गर्न गण्डकी प्राविधिक प्रतिष्ठान मार्फत सीप विकासका कार्यक्रम संचालन गर्नुका साथै सीपको प्रमाणिकरण गर्ने र सीपको स्तर अभिबृद्धि गर्न कार्यक्रम संचालन गरिने । पर्यटन, प्रवर्धन, सूचना र विपतबाट पर्यटनमा पर्न जाने असर एवं पूर्व तयारी लगायतका सूचना आदान प्रदान गर्न सहजता ल्याउन एकद्वार सूचना प्रणाली विकास गरिने । पर्यटकको सुरक्षा प्रति संवेदनशील हुँदै विपद्को समयमा आपतकालीन उद्वारको व्यवस्था मिलाइने । होमस्टे संचालनमा एक रुपता ल्याउन मापदण्ड बनाइ लागु गरिने । सबै होमस्टेका स्थानीय उत्पादनमा आधारित खाद्यान्न प्रयोगलाई अनिवार्य बनाइने एग्रो टुरिजमलाई प्रवर्धन गरिने । श्रमबजारमा उपलव्ध जनशक्ति र रोजगारदाता बिचको समन्वयका लागि श्रमिबजार सूचना प्रणलीको स्थापना, श्रम बजार तथा रोजगारीका क्षेत्रको अध्ययन विश्लेषण गरी, रोजगारीका क्षेत्रको पहिचान गरिने । व्यक्तिको क्षमता, योग्यता र सीप अनुसार रोजगारीमा आवद्ध गराइने । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको अध्ययन विश्लेषण गरी बजारको मागको आधारमा प्राविधिक सीपमूलक तथा व्यवसायिक तालिमको कार्यक्रम संचालन गरिने । परम्परागत सीप, कला र उद्यमको प्रर्वद्धन तथा संरक्षणका लागि सहुलियतपूर्ण वित्तिय तथा प्रविधि सहयोग उपलव्ध गराइने । प्रदेशभित्र नै उपलव्ध हुने कच्चा पदार्थ तथा कृषि वस्तुलाई कच्चा पदार्थको रुपमा प्रयोग गर्ने लघु घरेलु साना मझौला उद्योग स्थापना गर्न प्रोत्साहन गरिने । औद्योगिक सम्भाव्यताको अध्ययन गरी प्राथमिकता तय गर्न र प्रदेश सरकारले समेत लगानी गरी स्थापना गर्ने कार्यलाई प्राथमिकता दिइने । प्रदेशभित्रका खानी तथा खनिजजन्य पदार्थको संभाव्यता अध्ययन गरिने । नेपाल सरकारको साझेदारीमा धौवादीमा रहेको फलाम खानी उत्खनन् गर्ने कार्य अगाडि बढाइने । प्रदेशभित्र औद्योगिक लगानीको प्रवर्धन गर्न उद्योग मैत्री लगानीको वातावरण विकास गरी नीजि क्षेत्रको लगानी आकर्षित गरिने । सार्वजनिक नीजि साझेदारीमा प्रदेशभित्रका औद्योगिक विकासका आयोजनामा सार्वजनिक नीजि साझेदारालाई प्राथमिकतामा राख्तै वैदेशिक नीति परिचालन गर्न आवश्यक कानूनी व्यवस्था गरिने। प्रदेशभित्र उत्पादन भएका तथा बाहिरबाट आयात गरिने उपभोग्य वस्तुको गुणस्तर सुनिश्चित गर्न प्रदेश मापदण्ड विकास गरी कार्यान्वयन संरचना निर्माण गरिने । उद्योग वाणिज्य तथा आपूर्ति व्यवस्थाको

लागि आवश्यक नीति तथा कानुन तर्जुमा गरिने । निर्यातजन्य वस्तुको पहिचान गरी निर्यात प्रवर्धन गरिने, नेपाल सरकारको समन्वयमा चीन जोड्ने मुस्ताङको कोरोला नाकामा भन्सार पूर्वाधार विकास गरी दुईपक्षिय वाणिज्य तथा व्यापार संचालन गरिने । त्रिवेणी नाकाको भन्सार व्यवस्था प्रभावकारी बनाई व्यापार प्रर्वधन गरिने । स्वच्छ खानेपानी र नविकरणीय उर्जा प्रदेशका सबै घरपरिवारलाई आधारभूत खानेपानीको सेवा प्रदान गर्न, १ घर १ धारा कार्यक्रमलाई निरन्तरता दिई आगामी वर्ष भित्रमा सबैलाई आधारभूत खानेपानीको पहुँच सुनिश्चित गरिने । मध्यम र उच्च स्तरको खानेपानी सेवा प्रवाह गर्न प्रशोधनसहितको खानेपानी योजना क्रमशः संचालन गर्दै लगिने । लिफ्टिङ खानेपानीमा लाग्ने विद्युत महशुलमा सहुलियत उपलव्ध गराउने । आगामी आ.व. भित्र उज्यालो गण्डकी प्रदेश अभियान सम्पन्न गरिने । प्रदेशको आयमा सहयोग पुग्ने गरी विद्युत आयोजनामा लगानी गर्ने नीति अवलम्वन गरिने । प्रदेश समृद्धीमा टेवा पुग्ने गरी वहूउद्देश्यीय उर्जा, सिँचाई प्रकारका जलविद्युत आयोजनामा लगानी केन्द्रित गरिने । नेपाल सरकार र प्रदेश सरकारको लगानी साझेदारीमा जलाशययुक्त बुढीगण्डकी र उत्तरगंगा जलविद्युत आयोजना संचालन गरिने व्यवस्था मिलाइने। उद्योग तथा ग्रायस्थ क्षेत्रमा विद्युतको खपत वृद्धि गर्न र एलपी ग्यासलाई क्रमशः प्रतिस्थापन गर्न विद्युतीय उपकरणको प्रयोगलाई प्रोत्साहन गरिने । लघु विद्युत आयोजनाबाट उत्पादन भएको विद्युतलाई राष्ट्रिय प्रशारण लाईनमा आवद्ध गरी केन्द्रीय प्रशारण लाइनमा आवद्ध हुन नसकेका स्थानमा सौर्य तथा वैकल्पिक उर्जा मार्फत विद्युतीय पहुँच सुनिश्चित गरिने । वृहत सिँचाई गुरु योजना निर्माण गरी कृषि योग्य जमिनलाई सिँचाई सुविधा, लिफ्टिङ सिँचाई, भूमिगत सिँचाई, नहरकूलो सिँचाई व्यवस्था गरिने । जल उत्पन्न प्रकोप प्रभावित क्षेत्रमा गुरुयोजनामा आधारित पूर्व सूचना प्रणाली नदी नियन्त्रण र वस्ती पुर्नव्यवस्थापन गरिने ।

## शिक्षा र सामाजिक विकास :-

गण्डकी विश्वविद्यालयको भौतिक एवं शैक्षिक पक्षको विकास गरी प्रदेशको समृद्धी र विकासका लागि आवश्यक पर्ने विषयमा केन्द्रित गरी पठनपाठन संचालन गरिने । गण्डकी प्रदेश सरकारी स्तरबाट मेडिकल कलेज संचालन गर्न, शिक्षण अस्पताल स्थापना गरिने । शिक्षालाई सीप र सीपलाई रोजगारीसँग जोड्न नीजि क्षेत्रसँग साझेदारी गरिने । प्रदेशमा शिपयुक्त जनशक्तिको आवश्यकतालाई सम्बोधन गर्न प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिमको सुविधा उपलव्ध गराउन सक्ने गरी गण्डकी प्राविधिक प्रतिष्ठानको शैक्षिक एवं भौतिक पूर्वाधारको विकास गरिने । प्रदेशको विभिन्न जातिय, भाषिक, सामाजिक तथा सांस्कृतिक विविधतालाई संरक्षण एवं संम्वर्धन गर्दै, प्रदेभित्र रहेका संग्रहालय, धार्मिक तथा पूरातात्विक महत्वको संरचनाहरुको विकास विस्तार र संरक्षण गरिने । विद्यालय शिक्षाको गुणस्तरका सूचक विकास गरी गुणस्तरिय शिक्षाको प्रदेश मापदण्ड निर्माण

गरिने। विद्यालय शिक्षाको अनुगमन, परिवेक्षण शिक्षकको पेशागत सहयोग उपलव्ध गराई गुणस्तरमा सुधार गरिने । नमुना विद्यालयको प्रदेश मापदण्ड विकास गरिने र प्रदेश सरकार मार्फत आवश्यक सुविधा सहितको नमुना विद्यालय विकास कार्यक्रमलाई सम्पन्न गर्ने व्यवस्था मिलाइने । महिला तथा पछाडि परेका वर्गको समग्र उत्थान, सशक्तिकरण र लैगिक समानता हासिल गर्ने कार्यक्रम संचालनमा जोड दिइने । बालबालिका, जेष्ठ नागरिक तथा अपांगता भएका नागरिकको संविधान प्रदत्त अधिकारको संरक्षण गरिने । अपांगता भएका व्यक्ति, जेष्ठ नागरिक, एकल महिला, लैंगिक हिंसा तथा मानव बेचविखनबाट प्रभावित घरपरिवारबाट त्यागिएका व्यक्ति सहयोगापेक्षी सडक आश्रित मानव, लैंगिक तथा यौनिक अल्पसंख्यक आपतकालिन अवस्थामा जोखिममा परेका व्यक्ति, उत्पीडित समुदाय, श्रमिक महिला तथा बालबालिका लगायतको सशक्तिकरणको लागि  क्षमता विकासका कार्यक्रमलाई निरन्तरता दिइने ।  जेष्ठ नागरिक तथा अशक्तको लागि स्थापना भएका संस्था र ती संस्थाबाट प्रदान गर्ने सेवाको सम्वन्धमा प्रदेश मापदण्ड तर्जुमा गरिने । हिंसा पीडित बालबालिका तथा महिलाको लागि विशेष कार्यक्रमसहित प्रदेशमा हिंसा न्यूनीकरणको कानुन तर्जुमा गरी कार्यान्वयनमा ल्याइने । देश र जनताप्रति वलिदान गर्ने सहिद, बेपत्ता परिवार, घाइते अपाङ्गता भएका व्यक्तिको योगदानको सम्मान गर्न शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा सहुलिय प्रदान गर्ने कार्यक्रम संचालन गरिने ।

**<u>स्वास्थ्य सेवाको सुदृढीकरण</u>** :-

कोरोना महामारी लगायतका विपद्का पूर्व तयारी र व्यवस्थापनलाई प्राथमिकता दिँदै कोरोना जस्तै सम्भावित महामारीको रोकथाम, नियन्त्रण र उपचारका लागि स्वास्थ्य प्रणालीलाई सवल र सुदृढ गरिने आधारभूत स्वास्थ्य सेवामा सबैको सरल र सहज पशुँच सुनिश्चित गरिने ।

**<u>स्वास्थ्य पूर्वाधारको विकास</u>** :-

स्वास्थ्य जनशक्तिको आपूर्तिको लागि मेडिकल कलेजको स्थापना, वैकल्पिक स्वास्थ्य सेवाको व्यवस्था, आयुर्वेद, चिकित्सा योगा आदि लगायत कार्य अगाडि बढाइने । एकिकृत एम्वुलेन्स व्यवस्थामा जोड दिइने । स्थानीय तहसँगको समन्वय र  साझेदारीमा सडक पहुँच पुगेका स्थानीय तहमा एम्वुलेन्स संचालन गरिने । मातृशिशु स्वास्थ्य सेवाको सुदृढीकरण गरिने । बालबालिकालाई स्वास्थ्य सेवा सहज र प्रभावकारी रुपबाट  उपलव्ध गराउन प्रदेश स्तरमा बाल अस्पतालको स्थापना सम्भाव्यता अध्ययन गरिने । गण्डकी प्रदेशमा क्यान्सर अस्पताल स्थापना र मृगौला प्रत्यारोपण केन्द्र स्थापनाको सम्भाव्यता अध्ययन गरिने । स्थानीय सरकार समेतको साझेदारीमा हरेक विद्यालयमा स्वास्थ्य सेवाको पहुँच सुनिश्चित हुनेगरी विद्यालय स्थास्थकर्मी वा विद्यालय नर्सको

व्यवस्था गरिने । स्वास्थ्य बिमा अनिवार्य निःशुल्क र व्यवस्थित गरिने । प्रदेशभित्रका नागरिकलाई देशभित्रै नै मृगौलाको नियमित डायलसिससमा प्रदेश सरकारबाट सहुलित उपलव्ध गराइने । सबै नागरिकका आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरिने । रगत र रगतजन्य पदार्थ निःशुल्क उपलव्ध गराउने कार्यक्रमलाई निरन्तरता प्रदान गरिने ।

**<u>पर्यावरणीय संरक्षण</u>** :-

जलवायु परिवर्तनको जोखिमलाई मध्यनजर गर्दै बजेट तथा कार्यक्रमको प्राथमिकता, जलवायु परिवर्तनको जोखिम न्यूनिकरण गर्ने तर्फ केन्द्रित हुने । प्रदेशको आयमा समेत वृद्धि हुने गरी वन पैदावरको संरक्षण, उपयोग र पुनरउपयोग सम्बन्धी प्रदेश गरुयोजना तथा मापदण्ड बनाई कार्यान्वयन गरिने । फलफूल उत्पादन तथा वृक्षारोपणको लागि आवश्यक पर्ने विरुवा प्रदेश भित्रै उत्पादन हुने गरी नर्सरी स्थापना गरिने । जडिबुटी सम्बन्धी परम्परागत ज्ञान र सीपको अभिलेखीकरण गर्दै जडिबुटी खेति प्रर्वधन गरिने र जडिबुटी खेतीको विकास संकलन, प्रशोधन, प्याकेजिङ र ब्राण्डिङ्ग गरी व्यवस्थित वितरण प्रणाली संचालन गरिने । वनको दिगो व्यवस्थापन गरी वन क्षेत्रको उत्पादकत्व र वन पैदावार वृद्धि गर्दै काठ लगायतका वन पैदावारको आयात प्रतिष्ठापन गरी रोजगारी वृद्धिमा जोड दिइने । जलाधार क्षेत्रको प्राथमिकीकरण गरी भूमिगत जल पुनरभरण एवं वन्यजन्तुको लागि पानीको आवश्यकता र उपलब्धता तथा जैविक विविधताको संरक्षण गर्न उच्च पहाडी क्षेत्रमा वर्षाको पानी संकलन हुने गरी १ सामुदायिक वन १ पोखरी निर्माण गरिने । मानव वन्यजन्तु द्वन्द न्यूनिकरण गर्दै मानव र वन्यजन्तु सहअस्तित्व कायम गर्न क्षतिपूर्ति प्रक्रियालाई व्यवस्थित गरिने र पचभैयामा वन्यजन्तु उद्धार तथा प्रणाली उद्यानलाई थप व्यवस्थित बनाई पर्यावरण र पर्यटन प्रर्वधनमा जोड दिइने । जलवायु परिवर्तनले ल्याएका प्राकृतिक जोखिमको अवस्था अध्ययन, विश्लेषण गरी जोखिम न्यूनिकरण गर्दै स्थानीयवासीको उद्यमशीलता कायम गरिने । कार्वन उत्खनन् कार्यलाई न्यूनीकरण गनि ।

**<u>पूर्वाधार विकास</u>** :-

प्रदेश सरकारबाट निर्माण भइरहेका प्रदेश गौरवका आयोजना, रणनीति महत्वका आयोजना, वहुवर्षिय आयोजना समयमा नै सम्पन्न गर्ने गरी कार्यान्वयन गरिने । विगतमा शुरु गरी कार्य सम्पन्न गर्न बाँकी रहेका एक निर्वाचन क्षेत्र एक सडक स्थानीय तहको प्रशासन जोड्ने सडकलाई आगामी वर्षभित्र सम्पन्न गर्न जोड दिइने । स्थानीय सरकारको साझेदारीमा नगर क्षेत्रभित्रका कच्ची सडकलाई कालोपत्रे गरिने । पर्यावरणिय पक्ष, भूक्षय, पानीका मुहान र पर्यटकीय पैदल गन्तव्यलाई असर नगर्ने गरी वातावरणीय प्रभाव मूल्यांकन गरेर मात्र प्रदेशभित्र सडकका नयाँ

योजना संचालन गरिने । ट्र्याक खोलिएका र स्तरोन्नतिको क्रममा रहेका आयोजनालाई बाढी पहिरो लगायतका जोखिम पक्षलाई मूल्याङ्कन गरी कार्यान्वयन गरिने । गत आ.व. मा सालबसाली रुपमा संचालन भई चालु आ.व. मा बजेट विनियोजन हुन नसकेका प्रदेशको विकासमा रणनीतिक महत्व राख्ने आयोजनाको लागि स्रोत व्यवस्थापन गरिने । विद्युतीय सवारी साधनको प्रयोगलाई प्राथमिकता दिइने, यातायात सेवा प्रवाहमा विद्युतीय भुक्तानी प्रणाली सुरु गरिने, सवारीचालक अनुमति पत्र प्राप्त गर्ने प्रकृयालाई सहज र थप व्यवस्थित बनाइने । सवारी आवागमन सहज हुने गरी यातायात तथा ट्राफिक प्रणाली व्यवस्थित बनाइने । मुख्य मार्ग चोकमा ट्राफिक बत्ती, सिसि क्यामेरा व्यवस्था गरिने । वैकल्पिक मार्गबाट पनि पहुँच पुग्नेगरी सडक संरचनाको विकास गरिने । प्रदेशको विकासमा दीर्घकालिन र रणनीतिक महत्व राख्ने सडक पूर्वाधार विकासमा प्राथमिकता दिइने । गोरखाको लारकेबाट तिव्वत जोड्ने नाकासम्म पुग्ने सडक पूर्वाधार विकासको सम्भाव्यता अध्ययन गरी मार्ग विस्तार गरिने ।

**<u>सञ्चार र सूचना प्रविधिको विस्तार</u>** :-

प्रदेशलाई आवश्यक पर्ने कानुन निर्माण तथा अद्यावधिक गर्ने कार्यलाई प्राथमिकता दिईने । सूचना र प्रविधि बिस्तारको लागी प्रदेश प्रविधि सूचना केन्द्र स्थापना गरी प्रदेश सरकारका सेवा अनलाईन मार्फत प्रभाह गरिने । संचारग्राम र सूचना प्रविधि पार्क स्थापना र संचालनको कार्यक्रमलाई निरन्तरता प्रदान गरिने । सूचनाको भरपर्दो व्यवस्थित र विस्वसनीय प्रयोगको लागि प्रदेश सरकारका सूचनालाई एकद्वार प्रणाली मार्फत प्रभाह गर्न डाटा सेन्टर सहित प्रदेश सरकारको सूचना कोड विकास गरिने । स्थानीय तहसँग समन्वय गरी प्रदेशको हरेक नागरिकको विस्तृत तथ्य तथ्यांक रहेको एकिकृत डाटावेस तयार गरिने ।

**<u>खेलकुद विकास युवा परिचाल :-</u>**

अनुशासनका लागि खेल अभियानाका साथ स्वस्थ प्रतिस्पर्धात्मक र सृजनात्मक नागरिक उत्पादनमा टेवा पुग्ने गरी परिचालन गर्न सार्वजनिक नीजि साझेदारी मोडलमा खेल संरचना निर्माण गरिने । प्रदेश स्तरका खेलकुद प्रतियोगिता संचालन प्रकृया मापदण्ड विकास गरिने । प्रदेश राजधानी पोखरामा राष्ट्रिय तथा प्रादेशिक खेलकुद प्रतियोगिता संचालन गर्न सक्ने गरी नेपाल सरकार सँगको साझेदारीमा पोखरा रंगशालाको स्तरोन्नति गरिने । एक स्थानीय तह एक खेल मैदानलाई निरन्तरता दिइने।खेल्छ गण्डकी सवैका लागि अभियानका साथ गण्डकी प्रदेशबाट खेलकुद र विभीन्न विदामा राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतियोगितामा भाग लिने र उत्कृष्ट नतिजा हाँसिल गर्न सक्ने गरी खेलाडीको विकास गरिने शाहसिक खेलको प्रर्वधन एवंम प्रतियोगिताको आयोजना गर्दै खेल पर्यटनको प्रर्वधन

गरिने। उद्यमि युवा सम्वृद्ध प्रदेश निर्माणमा टेवा पूर्याउने कार्यक्रमलाई निरन्तरता दिई युवामा शिप क्षमता र नेतृत्व विकासमा जोड दिइने।

<u>**विपद व्यवस्थापन र सार्वजनिक सेवा प्रवाह**</u> :-

प्रदेश प्रहरी परिचालनको लागि कानुन तर्जुमा गरी प्रदेश भित्रका नागरिकको जीउ धनसहित शान्ति सुरक्षाको लागि रणनीतिसहितको गुरुयोजना तर्जुमा गरी कार्यानवयन गरिने । विपदको समयमा शिघ्र सूचना संकलन तथा सम्प्रेषणको लागि प्रदेश आपतकालिन कार्य संचालन केन्द्रको सुदृढीकरण गरी खोज, उद्धार तथा पुनर्स्थापना कार्यलाई प्रभावकारी बनाइने । विपद् जोखिम पूर्व मूल्यांकन गरी विपतबाट हुने क्षति न्यूनीकरण गर्न विपद पूर्व तयारी आपतकालिन खोज, उद्धार र तत्काल राहत उपलव्ध गराउने गरी आवश्यक व्यवस्था मिलाइने । प्रदेशको सन्तुलित एवं एकीकृत विकासको लागि अन्तरप्रदेश तथ अन्तरमन्त्रालय र अन्तर सरकारी निकायको समन्वयलाई प्रभावकारी बनाइने । कार्य सम्पादन करार प्रणालीमार्फत तोकिएको कार्य जिम्मेवारी समयमै सम्पन्न गर्ने, सुशासन कायम गर्ने, सेवा प्रवाहमा गुणस्तरीयता कायम गर्ने गरी क्षमता विकास गरिने । कर्मचारीलाई आफ्नो काम प्रति उत्प्रेरणा जागृत गर्न प्रोत्साहनका कार्यक्रम ल्याइने । अन्तमा, यस सम्मानित सभा समक्ष प्रस्तुत विनियोजन विधेयक २०७९ को सिद्धान्त र प्राथमिकता माथि गहन छलफल हुने र माननीय सदस्यहरुबाट रचनात्मक सुझाव प्राप्त हुने अपेक्षा गरेको छु । माननीय सदस्यहरुबाट प्राप्त हुने सुझावलाई मार्गदर्शनको रुपमा लिँदै आगामी आ.व. को बजेट तथा कार्यक्रम तर्जुमा गर्ने प्रतिवद्धता व्यक्त गर्दछु । धन्यवाद ।

## माननीय सभामुख :-

माननीय सदस्यहरु, अब म माननीय पर्यटन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री श्री मणिभद्र शर्मालाई गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्मानित सभा समक्ष प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय पर्यटन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री श्री मणिभद्र शर्मा

माननीय सभामुख महोदय, माननीय सभामुखज्यूको अनुमतिले गण्डकी प्रदेश भित्रका पर्यटन क्षेत्रको संरक्षण, सम्वर्धन र विकास मार्फत आन्तरिक तथा वाह्य पर्यटकको सुविधा हित प्रदेशको आर्थिक विकासका लागि आवश्यक व्यवस्था गर्न वाञ्छनिय भएकोले गण्डकी प्रदेशमा पर्यटन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक नेपालको संविधान धारा १९८ को उपधारा १ तथा गण्डकी प्रदेश,

प्रदेश सभा नियमावली २०७४ को नियम १०६ बमोजिम सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु । मिति २०७९—२—१२, धन्यवाद ।

## माननीय सभामुख :-

माननीय सदस्यहरु, अब यो वैठक २०७९ साल जेठ १३ गते दिनको १ बजेर ३० मिनेट सम्मको लागि स्थगित हुन्छ ।